## मिति २०८२ साल फागुन २७ गते बुधबार बसेको मन्थली नगरपालिकाको कार्यपालिकाको ५३ औं बैठकका निर्णयहरु

**निर्णय नं. १**

कार्यपालिकाको अघिल्लो ५२ औं बैठकमा भएका निर्णय र सो सम्बन्धमा भएका कार्यप्रगतिका वारेमा समीक्षा गरियो। निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो।

**निर्णय नं. २**

आगामी आ.व. २०८३/८४ का लागि प्रदेश समपुरक र विशेष अनुदानबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रमको लागि देहाय बमोजिमका योजना/कार्यक्रम आर्थिक मामिला तथा योजना मन्त्रालय वागमती प्रदेशमा प्रस्ताव गर्ने।

**प्रदेश समपुरकका लागि प्रस्तावित आयोजना**

| सि.नं. | आयोजना कार्यक्रमको नाम | वडा नं. | प्रस्तावित रकम (नगरपालिकाबाट व्यहोर्ने रकम समेत) |
|---|---|---|---|
| १ | देविटार फुलासी पोखरी सडक | १४ | २ करोड |
| २ | साँवाडाँडा पशुपति सिक्राल साउनेपानी सडक | १२ | २ करोड |
| ३ | ठूलीमदौ अर्चले ठाँटी वडा कार्यालय सडक | ३ | २ करोड |
| | जम्मा | | ६ करोड |

**प्रदेश विशेष अनुदानका लागि प्रस्तावित आयोजना**

| सि.नं. | आयोजना कार्यक्रमको नाम | वडा नं. |
|---|---|---|
| १ | दलित, अल्पसंख्यक, लोपोन्मूख समुदायको उत्थान कार्यक्रमका लागि नगर प्रोफाइल निर्माण | नगरस्तरीय |
| २ | शहरी स्वास्थ्य केन्द्र भवन तला थप | ११ |
| ३ | स्वास्थ्य चौकी भवन तला थप | १३ |
| ४ | खाद्य सुरक्षाका लागि बाँदर नियन्त्रण कार्यक्रम | ५ |
| ५ | टोड्केखोला कुलो मर्मत | ८ |
| ६ | ओडारे माझीगाउ बगरखेत संरक्षण कार्यक्रम | ७ |
| ७ | टार कुलो मर्मत | ८ |

देवर्षि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ३**

समपुरक अनुदान मार्फत आगामी आ.व. २०८३/८४ मा कार्यान्वयन हुने गरी चालु आ.व.मा प्रस्ताव गरिएका कुनै पनि आयोजना आगामी आ.व. २०८३/८४ मा समपुरको आयोजनाका लागि प्रस्ताव नगरी नयाँ योजना प्रस्ताव गर्ने।

**निर्णय नं. ४**

समपुरक र विशेष अनुदानबाट सञ्चालन हुने कार्यक्रममा विवाद सृजना भएमा सम्बन्धित वडा समितिमा नै छलफलका लागि पठाउने र वडा समितिले गरेको निर्णयका आधारमा कार्य अगाडि बढाउने।

**निर्णय नं. ५**

चालु आ.व.२०८२/८३ मा वडा नगर साझेदारी कार्यक्रमबाट छनौट भएका आयोजना कार्यक्रम ठेक्का बन्दोबस्ती मार्फत कार्यान्वयन गर्दा ठेक्काबाट बचेको रकम सम्बन्धित वडा समितिको सिफारिसको आधारमा सोही वडाको आयोजना कार्यक्रममा नै विनियोजित गरी कार्यान्वयनमा लैजाने।

**निर्णय नं. ६**

नगरपालिकाको केन्द्रबाट वडा कार्यालयसम्म १२ महिना नै सडक सञ्चालनमा आउन नसकेका देहाय बमोजिमका वडामा देहाय बमोजिमका पक्की सडक निर्माणका लागि प्रदेश तथा संघीय सरकार समक्ष अनुरोध गर्ने।

| सि.नं. | सडकको नाम | वडा नं. |
|---|---|---|
| १ | मन्थली मुगिटार भटौली वडा कार्यालय सडक | ७ |
| २ | फोस्रे नागिस्थान वडा कार्यालय वाहुनचुरा भोटनागी सडक | ९ |
| ३ | मन्थली चनखु वडा कार्यालय सडक | १० |
| ४ | मन्थली ठुलीमदौ भदौरे ठाँटी वडा कार्यालय सडक | ३ |

**निर्णय नं. ७**

मन्थली नगरपालिकाको भू-उपयोग वर्गिकरण प्रतिवेदनमा भएका त्रुटी सुधार र छुट हुन पुगेका जग्गाको यथार्थ विवरण सङ्कलन गरी त्रुटी सुधार गर्न सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी सबै वडामा शिविर सञ्चालन गर्न कार्यालयलाई निर्देशन दिने।

देवीबि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## निर्णय नं. ८

देहाय बमोजिमका योजना कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमको रकम विनियोजन गरी उपयुक्त शिर्षकबाट खर्च लेख्ने।

| सि.नं. | योजनाको नाम | वडा | रकम |
|---|---|---|---|
| १ | तल्लो चनखु खानेपानी ट्याङ्की निर्माण | १० | २५०००० |
| २ | पोखरी मन्दिर निर्माण | ७ | १५०००० |
| ३ | गाइखुरा चर्च | ८ | १५०००० |
| ४ | सोलार पोल खरिद | | ५०००००० |
| ५ | बेथल एजी एफ एन चर्च संरक्षण हाटेचउर | १ | १५०००० |
| ६ | थानापति महादेव मन्दिर मचवारी | ५ | १००००० |

## निर्णय नं. ९

मन्थली नगरपालिका वडा नं. ७ को कौछिनी गाँउ घर क्लिनिकमा स्वास्थ्यकर्मीको व्यवस्था गरी नियमित स्वास्थ्य परीक्षणको व्यवस्था मिलाउन स्वास्थ्य शाखालाई निर्देशन दिने।

२०८२/११/२८

देवर्षि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत